# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २६ गते २०३३ साल

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भक्तपुर विकास परियोजनाको लागि बाग्मती अञ्चल, भक्तपुर जिल्ला, भक्तपुर नगर पञ्चायत वडा नं. ६ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व खोला, पश्चिम कि. नं. १५३ को पर्ति जग्गाको साँध, उत्तर कि. नं. १५४ को जग्गाको साँध, दक्षिण सडक, यति ४ किल्लाभित्र पर्ने कि. नं. १५५ को मालपोत रू. १९।२३ (उन्नाईस रूपैयाँ तेईस पैसा) लाग्ने जग्गा ४–१४–२ (चार रोपनी चौध आना दुई पैसा) को कित्ता।

आज्ञाले–
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

६६२ ५८०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## शिक्षा मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ३ ख. अनुसार त्रिभुवन विश्वविद्यालय अन्तर्गत भक्तपुर क्याम्पसका विकास र विस्तारको निमित्त उक्त ऐनको दफा ७ (३) मा लेखिएबमोजिम त्रिभुवन विश्वविद्यालयको कागज भएको हुँदा वाग्मती अञ्चल, भक्तपुर जिल्ला, भ. पु. न. पं. वडा नं. १७ (क) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गराई दिने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा उक्त ऐनको दफा ७ (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि. नं. ५०, ६०, ५९, ५८ को जग्गा साँध र कि. नं. ४० को बाँकी जग्गा, पश्चिम गोरेटो बाटो, उत्तर भक्तपुर क्याम्पस र सो संगैको पोखरीको डिलको बाटो, दक्षिण कि. नं. २१५, २१४ को जग्गाको साँध हुँदै गोरेटो बाटो यति ४ किल्लाभित्र पर्ने कि. नं. १ को २–७–२ पूरै, कि. नं. २ को २–५–२ पूरै, कि. नं. ३ को ०–५–० पूरै, कि. नं. ४ को १–४–० पूरै, कि. नं. ५ को १–४–० पूरै, कि. नं. ६ को ०–०–३ पूरै, कि. नं. ७ को २–६–० पूरै, कि. नं. ८ को ०–१३–१ पूरै, कि. नं. ९ को ०–१२–० पूरै, कि. नं. १० को ०–१२–० पूरै, कि.नं. ११ को ०–१३–२ पूरै, कि.नं. १२ को ०–१३–२ पूरै, कि.नं. १३ को २–९–० पूरै, कि. नं. १४ को ०–४–२ पूरै, कि. नं. १५ को ०–४–२ पूरै, कि. नं. १६ को ०–९–० पूरै, कि. नं. १७ को ०–९–० पूरै, कि. नं. १८ को ०–०–३ पूरै, कि. नं. १९ को ०–०–१ पूरै, कि. नं. २० को ०–०–३ पूरै, कि. नं. २१ को ०–०–३ पूरै, कि. नं. २२ को ०–०–१ पूरै, कि. नं. २३ को ०–५–१ पूरै, कि. नं. २४ को १–१३–० पूरै, कि. नं. २५ को ०–११–० पूरै, कि. नं. २६ को ०–८–० पूरै, कि. नं. २७ को ०–११–२ पूरै, कि. नं. २८ को १–४–० पूरै, कि. नं. २९ को ०–८–० पूरै, कि. नं. ३० को १–३–० पूरै, कि. नं. ३१ को ०–९–१ पूरै, कि. नं. ३२ को १–२–२ पूरै, कि. नं. ३३ को ०–४–३ पूरै, कि. नं. ३४ को १–८–२ पूरै, कि. नं. ३५ को १–५–० पूरै, कि. नं. ३६ को ०–८–३ पूरै, कि. नं. ३८ को १–९–० पूरै, कि. नं. ३९ को ०–८–० पूरै, कि. नं. ४० मध्येबाट १–८–२, कि. नं. ४१ को १–७–० पूरै, कि. नं. ४२ को ०–१५–० पूरै, कि. नं. ४३ को ०–१३–२ पूरै, कि. नं. ४४ को ०–१५–० पूरै, कि. नं. ४५ को ०–८–३ पूरै, कि. नं. ४६ को ०–८–२ पूरै, कि. नं ४७ को ०–५–३ पूरै, कि. नं. ४८ को ०–३–० पूरै, कि. नं. ४९ को १–१४–० पूरै, कि. नं. ५१ को ०–४–२ पूरै, कि.नं. ५२ को ०–३–१ पूरै, कि. नं. ५३ को ०–३–१ पूरै, कि. नं. ५४ को ०–६–२ पूरै, कि. नं. ५५ को ०–१–१ पूरै, कि. नं, ५६ को ०–३–२ पूरै, कि. नं. ५७ को ०–४–० पूरै समेतको जम्मा मालपोत रू. १७०।५० (एकसय सत्तरी रूपैयाँ पचास पैसा) लाग्ने जम्मा जग्गा रोपनी ४३–१२–० (त्रिचालीस रोपनी बान्ह आना) को कित्ता ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।